प्रतिलिपि प्रमाणित

आज मिति २०८३ साल श्रावण ७ गते बिहिबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री टेक बहादुर वली | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

हेटौंडा उपमहानगरपालिकाको ८८ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

| प्रस्ताव | निर्णय |
|---|---|
| १) प्रगति समीक्षा सम्वन्धमा । | मिति २०८३/०३/१७ गतेको ८७ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा समीक्षा गरियो । |
| २) आय व्यय सम्वन्धमा । | आर्थिक वर्ष २०८२/०८३ को मिति २०८३।०३।३२ गतेसम्म कुल अनुमान गरिएको आयतर्फ संघीय सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत रु.२,१८,१९,४९,६२९।३३ अर्थात ७४.०२ प्रतिशत आम्दानी भएको र व्ययतर्फ रु.२,००,६०,५०,२३५।९४ अर्थात ६८.०५ प्रतिशत खर्च भएको आय व्ययको विवरण जानकारी भयो। |
| ३) अनुगमन प्रतिवेदन सम्वन्धमा। | हेटौंडा उपमहानगरपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित योजनाहरुको मिति २०८३।०३।०३ गते जिल्ला समन्वय समिति, मकवानपुर र यस कार्यालयबाट भएको संयुक्त अनुगमनको सुझाव सहितको प्रतिवेदन जिल्ला समन्वय समिति, मकवानपुरको च.नं. ४१० मिति २०८३।०३।२२ गते प्राप्त भएको हुँदा सो प्रतिवेदन उपर छलफल गरी दिइएका सुझावहरु क्रमश: कार्यान्वयन गर्दै लैजाने । |
| ४) म्याद थप सम्वन्धमा । | हेटौंडा उपमहानगरपालिका कार्यालयको स्वीकृत क्रमागत योजना अन्तर्गत सरोवर त्रिवेणीधाम पूर्वाधार निर्माण योजना हेटौंडा-९ को म्याद थप सम्वन्धमा ९ नं. वडा कार्यालयको च.नं. ३३११ मिति २०८३।०३।२९ को पत्रानुसार जटिल प्रकृतिको कार्य भएको कारण तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकेकोले म्याद थप गरीदिन हुन अनुरोध भई आएकोले मिति २०८३।०४।२४ गते सम्म म्याद थप गर्ने । |
| ५) मेलमिलाप केन्द्र संयोजकको सुविधा सम्वन्धमा । | हेटौंडा उपमहानगरपालिका न्यायिक समिति अन्तर्गत मेलमिलाप गराउने प्रयोजनका लागि सूचिकृत भएका मेलमिलापकर्ता मध्येबाट विभिन्न मेलमिलाप केन्द्रमा न्यायिक समितिको निर्णयबाट तोकिएका मेलमिलाप केन्द्र संयोजकको भूमिकमा रहने संयोजकहरुलाई विगतमा दिइदै आइरहेको मासिक सुविधा अनुमोदन गरी सोलाई निरन्तरता दिने । |
| ६) विद्युतीय सामाग्रीहरु उपलब्ध गराउने सम्वन्धमा । | हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको च.नं. ९०५ मिति २०८३/०३/०९ गतेको पत्रसाथ संलग्न लागत अनुमानबमोजिम विद्युतीय सामग्री उपलब्ध गराई पाउन माग भई आए अनुसार उपमहानगरपालिकाले रु.१० लाख बराबरको विद्युतीय सामग्री आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी उपलब्ध गराउने । |

प्रमाणीकरण गरियो
दस्तखत ........
नाम: टकबहादुर बली
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ........

| | |
|---|---|
| ७) अवकास प्राप्त कर्मचारीको सेवा करार सम्बन्धमा । | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १ मिति २०८३।०४।१ गतेको पत्रबाट यस अघि कुनै सरकारी सेवाबाट अवकास प्राप्त गरी उपदान प्राप्त गरेका वा निवृत्तिभरण पाइरहेका करारमा कार्यरत कर्मचारीलाई २०८३ श्रावण १ गतेबाट सेवा निरन्तरता नगरी सधन्यवाद विदाइ गर्ने भन्ने निर्णय भई पत्राचार समेत भएको हुँदा यस उपमहानगरपालिकामा कार्यरत अवकास प्राप्त सेवा करारका कर्मचारीको हकमा नगर प्रहरीमा कार्यरत अवकास प्राप्त कर्मचारीको सेवा करार निरन्तरता दिई अन्य अवकास प्राप्त कर्मचारीलाई सधन्यवाद विदाई गर्ने । |
| ८) कर्मचारीको म्याद थप सम्न्धमा । | कार्यालयको स्वीकृत संगठन संरचना अनुसार हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकामा गत/विगत देखि आन्तरिक श्रोतबाट सेवा सुविधा प्राप्त गर्ने गरी सेवा करार, ज्यालादारी र परियोजनामा सेवा करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था नभएसम्मका लागि २०८३ पौष मसान्त सम्म म्याद थप गर्ने । |
| ९) कानूनी परामर्श सेवा सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयलाई विपक्षी बनाई विभिन्न अड्डा अदालतमा वार्षिक रुपमा ५० भन्दा बढि विभिन्न तहका अदालतमा दर्ता हुने गरेको हुँदा त्यस्ता मुद्दाहरुको प्रतिरक्षा गर्न कार्यालयमा रहेको जनशक्ति मात्र पर्याप्त नभएको हुँदा कार्यालयको तर्फबाट प्रतिरक्षा गर्नका लागि कार्यालयलाई आवश्यक परेको कानूनी राय परामर्श उपलब्ध गराउनका परामर्श सेवाबाट कानूनी सल्लाह सुझाव लिने कार्यलाई निरन्तरता दिने । |

प्रमाणीकरण गरियो !
दस्तखत: ........
नाम: टेकबहादुर बली
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ........

प्रतिलिपि प्रमाणित